नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(.......................... फ्याक्स)

०२३ ४५५१२५, ४५५०८८, ४५६१११, ४५६१२७, ४५५१६६,

पत्र संख्या :- ०७८/७९
चलानी नं. :- ८

मिति २०७८/१२/२८

## पुरानो जिन्सी सामानहरु लिलाम बिक्री सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन भएको मिति: २०७८/१२/२८)*

यस कार्यालयको जिन्सी खातामा आम्दानी रहेका निम्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ बमोजिम गठित मूल्यांकन समितिको मिति २०७८/१२/२३ गतेको सिफारिस र यस कार्यालयको मिति २०७८/१२/२८ को निर्णय अनुसार लिलाम बिक्री गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. जिन्सी सामान खरिद गर्न इच्छुक व्यक्ति, फर्म/कम्पनीले फारम खरिद गर्दा फर्म/कम्पनी दर्ता प्रमाणपत्र, फर्म/कम्पनी नवीकरणको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि मू.अ.कर/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।
२. जिन्सी सामान खरिद गर्न इच्छुक व्यक्तिले यो सूचना जारी भएको मितिले ७ औँ दिनको दिनका १२:०० बजेसम्म यस कार्यालयमा सम्पर्क गरी रु. १०००/- (एक हजार मात्र) फिर्ता नहुने गरी बुझाई सोको सक्कलै भौचर पेश गरी फाराम खरिद गर्न सकिनेछ र सोही दिन दिनको ३:०० बजे जिल्ला प्रशासन कार्यालय, झापामा डाँक बढाबढ हुनेछ ।
३. डाँक बढाबढ गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ ।
४. लिलाम सकार गर्न डाक बोल्नु अघि नै मूल्यको ५% प्रतिशतले हुन आउने धरौटी रकम धरौटी खाता नं. २२१०१००१०२०३०००, कार्यालय कोड नं. ३१४९२१२०३ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ ।
५. जिन्सी सामानहरुको एकमुष्ठ मूल्य रु. १३,६१२/- (तेह्र हजार छ सय बाह्र मात्र) मू.अ.कर बाहेक कायम गरिएको छ ।
६. सम्बन्धित इच्छुक फर्म, कम्पनी वा व्यक्तिले लिलाम हुने मालसामान हेर्न चाहेमा तथा विस्तृत जानकारीको लागि यस कार्यालयको स्टोर/लेखा शाखामा सम्पर्क राख्न सकिने छ ।
७. डाँक बढाबढ स्वीकृत भएको १५ दिनभित्र सामानहरु उठाइ लैजानु पर्नेछ । नलगेमा धरौटी रकम जफत हुनेछ ।
८. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ नियमावली, २०७७ र प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ ।

प्रशासकीय अधिकृत